# मिति २०७६।०३।२९ गते नगर स्तरीय विपद व्यवस्थापन समितिबाट भएका निर्णयहरु :

**निर्णय नं. १ :-** मिति २०७६।०३।२४ गते देखि आइरहेको अविरल वर्षाका कारण मिति २०७६।०३।२८ गतेका दिन त्रियुगा नदी लगायत अन्य नदीमा आएको बाढीबाट क्षती भएको विवरण वडागत रुपमा संकलन गरी नगरपालिकामा पेश गर्न वडालाई जानकारी गराउने निर्णय गरियो ।

**निर्णय नं. २ :-** बाढी पिडित परिवार मध्ये घरवार विहिन भएका व्यक्तिहरुलाई वडाको सुरक्षित ठाउँ जस्तै विद्यालय, सामुदायिक भवन, क्लव घर हरुमा क्याम्पीङ्ग गर्ने र निजहरुलाई खान र औषधि उपचारको व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :-** बाढी पिडितका लागि सामुदायिक वनबाट दाउरा उपलब्ध गराउन सामुदायिक वनलाई नगरपालिकाबाट सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :-** वडा नं. ६ र ७ को विपदको विवरण संकलन गर्न वडा अध्यक्ष र वडा सदस्यहरु स्वयं विपदमा परेको हुनाले उक्त वडाहरुको विवरण संकलन गर्न वडा नं. ५ का वडाध्यक्ष श्री दिपक चौधरी र वडा नं. ८ का वडाध्यक्ष श्री केदार प्रसाद साहलाई जिम्मा दिने र अन्य राजनितिक दलका प्रतिनिधीहरु नेपाली कांग्रेस बाट पप्पु चौधरी र संघिय समाजवादी फोरमका रामकुमार यादवको पनि सहयोग लिने निर्णय गरियो ।

**निर्णय नं. ५:-** बाढी पिडित परिवारहरुमध्ये क्याम्पमा बसेका परिवारहरुलाई खानाको लागि प्रति व्यक्ति दिनको रु १००। बराबरको चामल दाल नुन तेल आदिको व्यवस्था मिलाउने साथै निजहरुलाई ओढ्ने ओछ्याउनेको लागि २ जना बराबर एउटा म्याट र सामान्य कम्बल उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ६ :-** उद्धार कार्यमा खट्ने नदी नियन्त्रण तथा तटबन्धन बनाउन जनप्रतिनिधि, कर्मचारी, प्रहरी प्रशासन, राजनितिक दलका प्रतिनिधिहरुले स्वयंसेवकको रुपमा काम गर्ने र अन्य नगरवासीहरुलाई समेत सहभागी गराउने र उक्त कार्यमा सहभागी हुने हरुलाई नगरपालिका बाट खाजाको प्रबन्ध मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ७ :-** बाढी पसी डुवान भएका ठाउँहरुको पानी निकासा गर्न तथा बाँध निर्माण गर्नका लागि जे.सि.बि. टिपर, ट्र्याक्टर, पानी फाल्न जेनेरेटरको व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ८ :-** विपदमा परी मृतकहरुका लागि क्रिया खर्च स्वरुप प्रति व्यक्ति रु. १५,०००। विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ९ :-** वडा कार्यालयबाट विवरण संकलन गरी आएको विवरणलाई प्रदेश सरकार र सघिंय सरकारमा राहतको लागि विवरण पठाउने निर्णय गरियो ।

**निर्णय नं.१०:-** नगरपालिकाबाट मिति २०७६।०३।२८ गते आपतकालिन अवस्थामा विपदमा परेका वडाहरुमा राहत स्वरुप नगरपालिकाबाट वितरण गरेको सामाग्रीहरु जस्तै चिउरा, भुजा बिस्कुट, चाउचाउ, पिउने पानी, नुन, चामल, दाल, तेल, त्रिपाल, ट्र्याक्टर, टिपर, डोजर आदिहरुको प्राप्त विलअनुसारको रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.११:-** विपदमा परेका व्यक्तिहरुलाई राहत तथा खाना, बासस्थान, लत्ता कपडा, खानेपानी, सरसफाई स्वच्छता, बाढी रोकथाम, बाटो घाटो संचालन, बिउ विजन र क्षतिपूर्ती उपलब्धका लागि राष्ट्रिय अन्तराष्ट्रिय संघ संस्था कार्यालय, उद्योगपति व्यापारी आदी सँग पनि सहयोगका लागि आव्हान तथा पत्राचार गर्ने निर्णय गरियो ।

## मिति २०७६।०४।०६ गते नगर स्तरीय विपद व्यवस्थापन समितिबाट भएका निर्णयहरु :

**निर्णय नं. १ :-** यस सप्तकोशी नगरपालिकामा मिति २०७६।०३।२८ गतेका दिन त्रियुगा नदी लगायत अन्य खोलाहरुबाट आएको बाढीले यस नगरपालिकाको विभिन्न वडामा क्षति पुऱ्याई विपदमा परेका व्यक्तिहरुको अभिलेख को विवरण खुल्ने गरी वडा कार्यालयबाट विवरण पेश गर्नका लागि जानकारी गराउने निर्णय गरियो ।

**निर्णय नं. २ :-** विपदको तथ्यांक संकलनका लागि सम्बन्धित वडाको वडाअध्यक्षको नेतृत्वमा नगर स्तरिय विपद व्यवस्थापन समिति, राजनितिक दल, जनप्रतिनिधि, प्रहरी प्रशासन, कर्मचारी समेतको टोलीले तथ्यांक संकलनमा तपशिल बमोजिमका वडाहरुमा निम्न बमोजिम सहभागीता तथ्यांक संकलन गर्ने निर्णय गरियो ।

| सि.नं. | वडा नं. | जिम्मेवारी व्यक्ति |
|---|---|---|
| १ | १ | वडाध्यक्ष तथा वडा सदस्यहरु<br>लेखनाथ घिमिरे ने.क.पा.<br>नेपाली कांग्रेस प्रतिनिधि<br>रामकुमार यादव संघिय समाजवादी फोरम<br>प्रहरी/सशस्त्र प्रहरी - १/१<br>वडाको कर्मचारी |
| २ | २ | वडाध्यक्ष तथा वडा सदस्यहरु<br>गुणराज कोइराला ने.क.पा.<br>नेपाली कांग्रेस प्रतिनिधि<br>संघिय समाजवादी फोरम प्रतिनिधि<br>प्रहरी/सशस्त्र प्रहरी - १/१<br>वडाको कर्मचारी |
| ३ | ३ | वडाध्यक्ष तथा वडा सदस्यहरु<br>पारस दाहाल ने.क.पा.<br>नेपाली कांग्रेस प्रतिनिधि<br>रामकुमार यादव संघिय समाजवादी फोरम<br>प्रहरी/सशस्त्र प्रहरी - १/१<br>वडाको कर्मचारी |
| ४ | ६ | वडाध्यक्ष तथा वडा सदस्यहरु<br>एजेट लामा ने.क.पा.<br>नेपाली कांग्रेस प्रतिनिधि<br>संघिय समाजवादी फोरम पार्टी प्रतिनिधि<br>प्रहरी/सशस्त्र प्रहरी - १/१<br>वडाको कर्मचारी |
| ५ | ७ | वडाध्यक्ष तथा वडा सदस्यहरु<br>धर्म बहादुर खत्री ने.क.पा.<br>नेपाली कांग्रेस प्रतिनिधि<br>रविन्द्र चौधरी रेडक्रस<br>संघिय समाजवादी फोरम पार्टी प्रतिनिधि<br>प्रहरी/सशस्त्र प्रहरी - १/१<br>वडाको कर्मचारी |

**<u>निर्णय नं. ३ :-</u>** तथ्यांक संकलन कार्य २०७६ श्रावण ९ गते भित्र नगरपालिकामा पेश गर्नुपर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ४ :-</u>** वडा नं. ६ र ७ को मुल सडक बाढीबाट खाल्डो भई मानिसहरु हिंडडुल गर्न तथा सवारी साधन आवतजावत गर्न गाह्रो भएकाले उक्त सडक तत्कालै संचालन गर्नका लागि नगरपालिकाबाट जे.सि.बि. तथा ट्याक्टर भाडामा लिइ मर्मत गराई बाटो संचालनको व्यवस्था मिलाउने निर्णय गरियो ।

**<u>निर्णय नं. ५:-</u>** नदीमा  आएको बाढीबाट क्षती भएका बाँधहरुको मर्मत संभार गर्न विपद व्यवस्थापनबाटट जे.सि.बि., टिपर, ट्रयाक्टर संचालन गर्ने  निर्णय गरियो ।

**<u>निर्णय नं. ६ :-</u>** नदी कटान भएको क्षेत्रमा तत्काल कटान रोक्नका लागि बाँसको पाइलिङ्ग गरी बोरामा बालुवा भरी बाँध निर्माण गर्नुपर्ने भएकाले उक्त कार्य गर्न आवश्यक पर्ने बाँस तथा बोराको व्यवस्था नगरपालिकाबाट गर्ने र पाइलिङ्गको तथा बोरामा बालुवा भर्ने काम सम्बनिधित वडाबाट वडाबासीहरुलाई सक्रिय गराई जन श्रमदानमा खट्ने व्यक्तिहरुका लागि खाना र खाजाको आवश्यक पर्ने खाद्यान्न सामाग्रीहरु जस्तै चिउरा, भुजा, चामल, दाल आदिमा लाग्ने खर्च नगरपालिकाको विपद कोषबाट व्यवस्था गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ७ :-</u>** बाढी पिडित क्षेत्रहरु जस्तै बोचही, बनिगामा, सखुवनी, सिद्धिपुर, फत्तेपुरका शिविरहरुमा शान्ती सुरक्षाको लागि विशेष टोली परिचालन गरी राहत वितरण तथा अन्य व्यवस्थापन समेतमा लाग्न जनपथ र सशस्त्र प्रहरीलाई पत्राचार गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ८ :-</u>** मिति २०७६।०३।२८ को त्रियुगा नदी लगायत अन्य खोलाहरुमा आएको भिषण बाढीबाट ठूलो धनमालको क्षतीबाट करिव ३००० घरधुरीका १५,००० जनसंख्या प्रत्यक्ष प्रभावित भएकोले ५ वटा वडाहरु वडा नं. १,२,३,६ र ७ लाई संकटग्रस्त क्षेत्र घोषणा गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ९ :-</u>** बाढी र वर्षाबाट क्षतिग्रस्त पिडित व्यक्ति र क्षेत्रहरुमा तन, मन, धनबाट उद्धार राहत र पुर्नस्थापनामा लाग्न सम्पूर्ण नगरवासीहरु साथै राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्थाहरुमा हार्दिक आग्रह गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. १० :-</u>** यस सप्तकोशी नगरपालिकालाई विपद परेको बेला विभिन्न कार्यालय, संघ संस्थाहरुले राहतमा सहयोग पुऱ्याएकोमा धन्यवाद दिदै पुनः सहयोगको लागि आग्रह गर्ने समेत निर्णय गरियो ।